व्यापारिक श्रृंखलाको लागि बौद्धिक सम्पत्ति | अंक : २









# योग्य देखिनु

## साना तथा मझौला उद्योगको लागि औद्योगिक डिजाइनको परिचय

विश्व बौद्धिक सम्पत्ति संगठन

**व्यापारका लागि बौद्धिक सम्पत्ति श्रृंखलाका प्रकाशनहरू:–**

१. चिन्हको निर्माण : साना तथा मझौला उद्योगका लागि व्यापार चिन्हको परिचय । WIPO को प्रकाशन नम्बर ९००

२. योग्य देखिनु : साना तथा मझौला उद्योगका लागि औद्योगिक डिजायनको परिचय । WIPO को प्रकाशन नम्बर ४९८ ।

३. भविष्यको निर्माण : साना तथा मझौला उद्योगका लागि प्रकाशन सम्बन्धी विशेषाधिकारको परिचय । WIPO को प्रकाशन नम्बर ९१७ ।

४. रचनात्मक अभिव्यक्ति : साना तथा मझौला उद्योगका लागि प्रकाशन सम्बन्धी सर्वाधिकारको परिचय । WIPO को प्रकाशन नम्बर ९१८ (आगामी प्रकाशन)

उल्लेखित सम्पूर्ण प्रकाशनहरू WIPO विद्युतीय पुस्तक पसलको WWW.wipo.int/ebookshiop मा प्राप्त गर्न सकिनेछ ।

**द्रष्टव्य** : यस दिग्दर्शनमा समाहित भएका सूचनाहरू व्यावसायिक कानूनी सल्लाहको सट्टा प्रयोग हुने नभई सम्बन्धित विषयवस्तु माथि आधारभूत सूचना, उपलब्ध गराउनु रहेको छ ।

**प्रकाशन सम्बन्धी सर्वाधिकार**

यो पुस्तकमा भएका कुनै पनि अंश अध्ययन अनुच्छेद प्रकाशकको लिखित अनुमति बिना छाप्न, छपाउन तथा प्रकाशन गर्न पाइने छैन । छपाउन अन्य भाषामा अनुवाद गर्न तथा प्रकाशन गर्नु परेमा प्रकाशन सम्बन्धी सर्वाधिकार धनीसँग अनुमति लिनुपर्नेछ ।

यो पुस्तकमा भएका कुनै पनि अंश सर्वाधिकार धनीको स्वीकृति बिना विद्युतीय वा यान्त्रिक तबरबाट पुनरूत्पादन वा वितरण गर्न पाइने छैन ।

www.wipo.int/sme/

# भूमिका

यो निर्देशिका "व्यापारका लागि बौद्धिक सम्पत्ति" श्रृंखलाको सबैभन्दा पहिलो प्रकाशन हो । यो दिग्दर्शन औद्योगिक डिजायनमा केन्द्रित छ । जुन उत्पादित वस्तुको सफलता निर्धारण गर्ने प्रमुख तत्व हो ।

बौद्धिक सम्पत्ति कानूनमा औद्योगिक डिजायन उत्पादित वस्तुको सुन्दरता वा बाहिरी आकृतिसँग सम्बन्धित रहन्छ । औद्योगिक डिजायनले उत्पादित वस्तुलाई आकर्षक बनाउँदछ वा उपभोक्ताप्रति चित्ताकर्षक बनाउँदछ र उपभोक्ताको दृष्टिलाई चित्ताकर्षक बनाउनु एउटा महत्वपूर्ण तत्व हो । यसले उपभोक्ताहरूलाई उत्पादित वस्तु छनोट गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ । औद्योगिक डिजायनले कम्पनीहरूलाई अन्य प्रतिस्पर्धी कम्पनीद्वारा उत्पादित वस्तुलाई आफ्नो कम्पनीले उत्पादन गरेको वस्तुलाई छुट्याउन सहयोग गर्दछ र तिनीहरूको उत्पादित वस्तुको वर्चश्व कायम राख्न मद्दत गर्दछ । त्यस कारण औद्योगिक डिजायनलाई उचित संरक्षण प्रदान गर्नु अति आवश्यक छ ।

साना तथा मझौला उद्योगको औद्योगिक डिजायनको संरक्षणको परिचय गराउन यो दिग्दर्शनलाई प्रस्तुत गरिएको छ । यो दिग्दर्शनमा प्रश्न उत्तर र संरक्षित औद्योगिक डिजायनको उदाहरण र चित्रात्मक दृष्टान्त प्रस्तुत गरिएको छ ।

राष्ट्रिय संघ संस्थाको सहकार्यमा यो दिग्दर्शनको राष्ट्रिय संस्करण तयार गर्न सकिने छ र स्थानीय साझेदारहरूलाई WIPO मा सम्पर्क राखी दिग्दर्शनको प्रतिलिपि लिन प्रोत्साहन गरिन्छ ।

कमिल इद्रीस
महानिर्देशक (WIPO)

# विषयसूची


पेज

१. औद्योगिक डिजायन ३

२. औद्योगिक डिजायनको संरक्षण ६

३. विदेशी डिजायनको संरक्षण १५

४. औद्योगिक डिजायनको कार्यान्वयन १८

५. औद्योगिक डिजायनको संरक्षणको लागि अन्य कानूनी पहलहरू २१

## १. औद्योगिक डिजायनहरू

### औद्योगिक डिजायन भनेको के हो ?

सामान्य बोलचालको भाषामा औद्योगिक डिजायनले सामान्यतया उत्पादित वस्तुको समग्र स्वरूप र क्रियाकलापलाई जनाउँदछ । कुनै पनि हातेकुर्सी बस्दामा आरामदायी र हेर्दा राम्रो लाग्दछ भने त्यस अवस्थामा त्यो हातेकुर्सी असल औद्योगिक डिजायन भएको मानिन्छ । व्यापारको लागि कुनै उत्पादनको डिजायन तयार गर्नु भनेको त्यो उत्पादनको क्रियात्मक र आकृतिको विकास गर्ने कार्यलाई जनाउँदछ र त्यस अवस्थामा उत्पादित वस्तुको बजारीकरण, उत्पादन र खर्च वा यातायातको सुविधा, भण्डारण, मर्मत र त्यसको व्यवस्था जस्ता विषयहरूलाई ध्यान दिइन्छ ।

तथापि बौद्धिक सम्पत्तिसम्बन्धी कानूनको अवधारणा अनुसार औद्योगिक डिजायन उत्पादित वस्तुको आलंकारिक वा सुन्दर पक्षलाई मात्र सम्बोधन गर्दछ । अर्को शब्दमा भन्ने हो भने यसले एउटा हाते कुर्सीको आकृतिलाई मात्र सम्बोधन गर्दछ । यद्यपि कुनै उत्पादनको डिजायन गर्दा त्यसमा प्राविधिक वा क्रियात्मक लक्षण भए तापनि बौद्धिक सम्पत्तिसम्बन्धी कानूनको वर्गमा औद्योगिक डिजायनले एउटा तयार भएको उत्पादित वस्तुको सुन्दर प्रकृतिलाई मात्र सम्बोधन गर्दछ र यो प्राविधिक वा क्रियात्मक पक्षहरूबाट बिल्कुलै अलग हुन्छ । औद्योगिक डिजायन उद्योगद्वारा उत्पादित विभिन्न किसिमको वस्तु पहिरन र हस्तकलासँग सम्बन्धित हुनुको साथै प्राविधिक र औषोधोपचारका यन्त्रदेखि घडी, गरगहना र अन्य विलासिताका सामानहरू घरेलु उत्पादनका वस्तुहरू खेलौना, मेच, टेबल, विद्युतीय औजार, गाडी, शिल्पविद्या सम्बन्धी डिजायन, टेक्सटाइलका डिजायनदेखि खेलकूदका सामानहरूसित पनि सम्बन्धित छ ।

सामान्य नियमानुसार औद्योगिक डिजायनमा निम्न समावेश हुन्छन् ।


- त्रि-आयामिक स्वरूप जस्तै कुनै उत्पादित वस्तुको आकार,
- द्वि-आयामिक स्वरूप जस्तै कुनै उत्पादित वस्तुको अलंकारिता, आकार, चिन्ह वा रंग,
- एक वा सो भन्दा बढी स्वरूपको समिश्रण,
- त्रि-आयामिक डिजायनको उदाहरण

**त्रि-आयामिक डिजायनको उदाहरण**



**सौजन्य :** Villeroy + Boch A.G.

**द्वि-आयामिक डिजायनको उदाहरण**



## व्यापारमा श्रृजनात्मक डिजायनहरू

प्रतिष्ठानहरूले आफ्नो उत्पादनको डिजायनलाई आकर्षित बनाउन पर्याप्त समय र स्रोत खर्च गर्ने गर्दछन् । नयाँ र मौलिक डिजायनहरू निम्नलिखित कुराहरूको लागि सृजना गर्ने गरिन्छ ।

१. **वस्तुलाई निर्दिष्ट बजारमा आकर्षक तुल्याई व्यवहारिक बनाउन:**
कुनै उत्पादित वस्तु (जस्तै घडी) को डिजायनमा सानातिना रूपान्तरण गरेमा विभिन्न उमेरका समूह, संस्कृति वा सामाजिक समूहका लागि सुहाउँदो बनाउन सक्दछ । घडीको कार्य एउटै भए तापनि केटाकेटी र वयश्कहरूमा डिजायनलाई लिएर फरक-फरक रूचि रहन्छ ।

२. **बजारमा नयाँ स्थानको सिर्जना गर्नु :**
प्रतिस्पर्धात्मक बजारमा धेरै कम्पनीहरूले बजारमा नयाँ स्थानको सृजना गर्नको लागि र आफ्नो उत्पादनलाई प्रतिस्पर्धीको उत्पादनबाट अलग्याउनको लागि आफ्नो नयाँ उत्पादनलाई सृजनात्मक डिजायन प्रयोग गरी प्रस्तुत गर्ने गर्दछन् । यो सामान्य वस्तु जस्तैः ताल्चा, जुत्ता, रूपप्लेटमा प्रयोग हुनुको साथै सम्भावित महंगा सामानहरू जस्तैः गरगहना, कम्प्युटर वा गाडीमा पनि प्रयोग हुन सक्दछ ।

३. **व्यापार चिन्ह (ब्राण्ड) को सुदृढीकरण:**
कुनै कम्पनीको व्यापार चिन्ह (ब्राण्ड) लाई विशिष्ट बनाउनको लागि सृजनात्मक डिजायनहरूलाई कुनै व्यापार चिन्हसित मिश्रण गर्ने गरिन्छ । धेरैजसो कम्पनीहरूले उत्पादित वस्तुको डिजायनमा बढी केन्द्रित रही सफलतापूर्वक आफ्नो ब्राण्डको प्रतिस्वरूपको सृजना वा पुनर्भाषित गरेका हुन्छन् ।

## औद्योगिक डिजायनको संरक्षण किन ?

औद्योगिक डिजायनले उत्पादित वस्तुको प्रयोगमा थप महत्व राख्दछ । यसले उत्पादित वस्तुलाई उपभोक्ता माझ आकर्षित बनाउँदछ र यो बिक्री वितरणको अद्वितीय नमूना उत्पादनकर्ताको व्यापारिक रणनीतिको मुख्य अंश हुन पर्दछ ।

राष्ट्रिय वा क्षेत्रीय बौद्धिक सम्पत्तिको कार्यालयमा औद्योगिक डिजायनलाई दर्ता गरी संरक्षण प्राप्त गरेमा त्यसका मालिकले सो डिजायन माथि एकलौटी अधिकार प्राप्त गर्दछ । जसले गर्दा अन्य व्यक्तिहरू यसको अनधिकृत नक्कल गर्नबाट टाढै रहन्छन् । यसरी व्यापारिक अर्थमा यसले व्यापारको प्रतिस्पर्धालाई सुधारी निम्न तरिकाबाट राजश्वको संकलन हुन सक्दछ ।



सौजन्य : Victorivox Ltd.

- डिजाइनलाई दर्ता गरेमा प्रतिस्पर्धीहरूलाई त्यसको नक्कल वा अनुशरण गर्नबाट रोकी आफ्नो प्रतिस्पर्धात्मक स्थितिलाई सुदृढ गराउन सकिन्छ ।

- मूल्यवान् डिजायन दर्ता गरेमा सम्बन्धित उत्पादनको सृजना र त्यसको बजारीकरणमा भएको लगानीको उचित प्रतिफल पाउनुको साथै यसले मुनाफामा पनि सुधार ल्याउँदछ ।
- औद्योगिक डिजायन व्यापारको सम्पत्ति हो र यसले तपाईको कम्पनी र त्यसको उत्पादनको व्यावसायिक मूल्य अभिवृद्धि गर्दछ । डिजायन जति सफल हुन्छ, कम्पनीको लागि त्यसको मूल्य त्यत्तिकै उच्च रहन्छ ।
- संरक्षित डिजायन केही शुल्क लिई अरूलाई प्रयोग गर्न (दिन वा बेच्न) पनि सकिन्छ । अरूलाई यसको अनुज्ञा दिएमा तपाईले सेवा दिन चाहेको तर प्रवेश गर्न नसकेको बजारमा पनि प्रवेश गर्न सकिन्छ ।
- व्यापारिक डिजायनको दर्ता गर्नाले शुद्ध प्रतिस्पर्धा र इमान्दारितापूर्वक व्यापारको अभ्यासलाई प्रोत्साहन गर्दछ । जसले फलस्वरूप विभिन्न किसिमको सुन्दर र आकर्षक वस्तुहरूको उत्पादनलाई बढावा दिन्छ ।


**डिजायनमा केही प्रकाश छर्नु**

एउटा बत्तीको क्रियात्मक तत्व सामान्यतया: त्यस्तै अर्को उत्पादन सित खासै फरक नभए पनि त्यसको आकृति र बनावटले बजारमा त्यसको सफलताको पछाडि ठूलो महत्व र भूमिका राख्दछ । त्यसै कारण धेरैजसो देशहरूमा दर्ता भएको औद्योगिक डिजायनमा घरेलु उत्पादन जस्तै बत्तीको लामो सूची छ ।



सौजन्य : Nemo S.P.A.

## युरोपियन युनियनमा डिजायनको संरक्षण गर्नुको कारण:




स्रोत : *OHIM inorpectire study about the Design Reqistiation Demand at a Europenn Union level (2000)*

## २. औद्योगिक डिजायनको संरक्षण

### औद्योगिक डिजायनको संरक्षण कसरी प्राप्त गर्न सक्नु हुन्छ ?

धेरैजसो देशहरूमा औद्योगिक डिजायन संरक्षण हुनको लागि औद्योगिक डिजायन सम्बन्धी कानून अन्तर्गत दर्ता भएको हुनुपर्दछ ।

औद्योगिक डिजायन दर्ता गर्नको लागि तपाईले जुन देशमा संरक्षण खोज्नु भएको छ सोही देशको राष्ट्रिय बौद्धिक सम्पत्तिको कार्यालयमा निवेदन दिनुपर्दछ । बौद्धिक सम्पत्तिको कार्यालयहरूको वेभसाइटको सूची परिशिष्टाकं १ मा उपलब्ध छ । विदेशमा संरक्षण प्राप्त गर्नको लागि अध्याय ३ हेर्नुहोस् ।

कुनै देशहरूको हकमा यहाँ टिप्पणी गर्नु जरूरी छ । युरोपियन युनियन जस्तो साझा आर्थिक क्षेत्रमा त्यहाँ कानूनले दर्ता नभएका डिजायनहरूको सीमित औद्योगिक डिजायनको सुरक्षा प्राप्त गर्न सम्भव बनाएको छ । सो संरक्षण डिजायन युरोपियन युनियनमा प्रकाशन भएको मितिले तीन वर्षसम्म प्राप्त हुन्छ ।

दर्ता नभएका डिजायनले कम्पनीहरूलाई डिजायनको दर्ता गर्ने प्रक्रिया र त्यसमा लाग्ने खर्चमा आफ्नो समय खर्च गर्नु अघि आफ्नो कम्पनीले उत्पादन गरेको सामानको बजारमा परीक्षण गर्ने मौका दिन्छ र कतिपय त्यस्तो उत्पादनले बजारमा सफलता नपाउन पनि सक्दछन् । त्यसको अतिरिक्त कुनै डिजायन खास गरी पहिरन उद्योग छोटो समयको लागि बजारमा रहने गर्छ । यस्तो उत्पादनको लागि दर्ता नभएको डिजायनले राम्रो विकल्प प्रदान गर्दछ तथापि एकपटक त्यो वस्तु उत्पादन भइसकेपछि शिल्पकारीहरूले १२ महिनाभित्र त्यसको दर्ता गरिसकेको हुनुपर्छ । दर्ता नभएको डिजायनको संरक्षण सीमित हुनछ र त्यो दर्ता भएको डिजायनलाई कार्यान्वयन गराउने जस्तो सजिलो हुँदैन र यसको अवधि तीन वर्षको लागि मात्र हुन्छ जबकि दर्ता भएको डिजायनको अवधि युरोपियन युनियनमा २५ वर्षसम्म प्रदान गरिएको छ ।

यो दिग्दर्शनले पञ्जीकृत औद्योगिक डिजायनमा केन्द्रित भए तापनि केही देशहरूमा औद्योगिक डिजायनको संरक्षणको लागि वैकल्पिक उपायहरू पनि रहेको भन्ने बारे टिप्पणी गर्न चाहन्छ ।

- निश्चित राष्ट्रिय कानून र डिजायनको प्रकारको भरमा डिजायनहरूलाई वैकल्पिक संरक्षण प्रदान गर्ने माध्यम सर्वाधिकार कानून हो । सर्वाधिकारले प्रायः जसो साहित्यिक र कलात्मक कार्यहरूमा सर्वाधिकार हक प्रदान गर्दछ । केही देशहरूमा केही यस्ता डिजायनहरूलाई कलाको कार्यको रूपमा स्वीकार गरी सर्वाधिकारको संरक्षण लागू हुन सक्दछ र यसले साना तथा मझौला उद्योगहरूको लागि आकर्षक विकल्पको रूपमा प्रतिनिधित्व गर्न सक्छन् ।
- यसको अतिरिक्त केही देशहरूमा यदि औद्योगिक डिजायन बजारमा व्यापार चिन्हको रूपमा क्रियात्मक छ भने त्यस अवस्थामा त्यो त्रि–आयामिक चिन्हको रूपमा संरक्षित हुन सक्दछ । यो त्यस अवस्थामा हुन्छ जब त्यो उत्पादनको आकार वा त्यसको प्याकेजिङ्ग बिल्कुलै फरक हुन्छ ।

- केही देशहरूमा अस्वस्थ प्रतिस्पर्धाको कानूनले प्रतिस्पर्धीहरूलाई कुनै कम्पनीको औद्योगिक डिजायनको नक्कल गर्नबाट रोकी त्यस्तो औधागिक डिजायनको संरक्षण गर्ने गर्दछ।

सर्वाधिकार व्यापार चिन्ह वा अस्वस्थ प्रतिस्पर्धाको कानून अन्तर्गत डिजायनको संरक्षणबारे विस्तृत विवरण प्राप्त गर्नको लागि अध्याय ५ हेनुहोस्।

## औद्योगिक डिजायनको संरक्षणबाट के–के अधिकारहरू उपलब्ध हुन्छन् ?

जब कुनै औद्योगिक डिजायन दर्ताद्वारा सुरक्षित हुन्छ तब त्यसमा धनीलाई आफ्नो डिजायन अन्य तेस्रो पक्षबाट अनधिकृत तबरबाट नक्कल वा अनुकरण गर्नबाट रोक लगाउने अधिकार प्राप्त हुन्छ। जुन उत्पादनमा डिजायन समाविष्ट भएको हुन्छ वा प्रयोग भएका त्यस्ता सामानहरूको उत्पादन प्रस्ताव, आयात, निर्यात वा बिक्री गर्ने काममा रोक लगाउन सक्नेछ। सम्बन्धित देश वा क्षेत्रको कानून र व्यवहारले पञ्जीकृत डिजायनको वास्तविक सुरक्षणको दायरा निर्धारण गर्दछ।

## औद्योगिक डिजायनको रूपमा के दर्ता हुन सक्दछ ?

देशको कानून अनुसार कुनै पनि डिजायन दर्ता हुनको लागि तल उल्लेखित एक वा सो भन्दा बढी आधारभूत आवश्यकताहरू पूरा गरेको हुनुपर्दछ।

- डिजायन नयाँ हुनुपर्दछ। यदि कुनै त्यस्तो मिल्दोजुल्दो डिजायन दर्ता गर्ने मितिभन्दा पूर्व वा दर्ताको आवेदन पूर्व सार्वजनिक गरिएको छैन भने त्यस अवस्थामा त्यसतो डिजायनलाई नयाँ भनी स्वीकार गरिन्छ।

### निवारक अधिकार

मानी लिऔं कि तपाईको कम्पनीले नवीनतम् डिजायनमा एउटा छाता डिजाइन गरी त्यसलाई राष्ट्रिय बौद्धिक सम्पत्तिको कार्यालयमा दर्ता गराई त्यस्तो डिजायन भएको छाताहरू माथि निवारक अधिकार प्राप्त गर्छ। यसको तात्पर्य के हो भने यदि अरू कुनै प्रतिस्पर्धीले त्यस्तै डिजायन प्रयोग गरी वा त्यस्तै किसिमको डिजायनमा त्यस्तो छाता बनाउने, बिक्री गर्ने वा आयात गर्ने गरेको तपाईको जानकारीमा आएमा तपाईले त्यस्ता प्रतिस्पर्धीलाई तपाईको डिजायन प्रयोग गर्नबाट रोक्न सक्नुको साथै अनधिकृत तबरबाट तपाईको डिजायन प्रयोग गरेबापत तपाईको व्यापारले भोग्नु परेको हानि–नोक्सानी विरूद्ध तपाईले त्यसको क्षतिपूर्ति पनि प्राप्त गर्न सक्नुहुन्छ। तपाईले प्रतिस्पर्धीहरूलाई प्रतिस्पर्धात्मक उत्पादन गर्नबाट रोक लगाउन नसके तापनि तपाई तिनीहरूलाई आफ्नो सामानको नक्कल गर्नबाट रोक लगाउन सक्नुहुनेछ। आफ्नो अधिकार कसरी कार्यान्वयन गर्ने भन्ने बारेमा विस्तृत जानकारी प्राप्त गर्नको लागि बौद्धिक सम्पत्ति सम्बन्धी कानून व्यवसायीसित सम्पर्क राख्न सल्लाह दिइन्छ।



- डिजायन मौलिक हुनुपर्छ । यदि कुनै डिजायन कुनै शिल्पकारद्वारा स्वतन्त्र रूपमा सृजना गरिएको छ र त्यो कुनै विद्यमान डिजायनको नक्कल वा अनुकरण गरिएको छैन भने त्यस अवस्थामा त्यस्तो डिजायनलाई मौलिक मानिन्छ ।

- डिजायनमा व्यक्तिगत गुण हुनुपर्दछ । यो आवश्यकता तब परिपूर्ति भएको मानिन्छ, जब कुनै डिजायनद्वारा निर्माण भएको समग्र छापले कुनै सूचित प्रयोगकर्तालाई पहिलेको डिजायनभन्दा पनि बढी प्रभावित पार्दछ भने त्यसबेला त्यसलाई व्यक्तिगत गुण मान्निछ ।

संरक्षित डिजायन परम्परागत रूपमा उत्पादित वस्तु जस्तै जुत्ताको आकृति, कानको रिङ्को डिजाइन वा चियादानीको अलंकारिणसित सम्बन्धित रहन्छ । यो डिजिटल संसारमा खास गरी केही देशहरूमा सुरक्षण विस्तारै अन्य उत्पादन र अन्य प्रकारका डिजायनहरूमा पनि विस्तार हुदैछ । कम्प्युटरद्वारा उत्पादन गरिएको विद्युतीय डेस्कटप आइकन, टाइपका अक्षर, कम्प्युटरमा देखिने सूचित र मोबाइल, टेलिफोन आदिहरू पनि समावेश छन् ।

## औद्योगिक डिजायनको अधिकारले के संरक्षित हुन सक्दैन ?

धेरैजसो देशहरूमा सामान्यतया: निम्न प्रकारका डिजायनहरू दर्ता हुनबाट निषेधित हुन्छन् ।

- जुन डिजायनहरूले पर्याप्त रूपमा नवीनता, मौलिकता वा व्यक्तिगत गुणको आवश्यकता पूरा गर्दैन (माथि उल्लेख गरिए अनुसार) ।

- प्राविधिक कार्यले कुनै उत्पादनको कुनै डिजायन निर्देशित भएमा, यस्ता प्राविधिक वा क्रियात्मक डिजायनका स्वरूपहरू अन्य बौद्धिक सम्पत्तिको अधिकार (जस्तै पेटेन्ट युटिलिटी नमूना वा व्यापार गोपनीयता) अन्तर्गत प्रत्येक मुद्दाको आधारमा संरक्षित हुन सक्दछ ।

- सरकारी चिन्ह वा प्रतिक समावेश भएका डिजायनहरू (जस्तै: राष्ट्रिय झण्डा) ।

- सामाजिक सुव्यवस्था वा नैतिकता विपरीत मानिने डिजायनहरू ।

यसका अतिरिक्त केही देशहरूले हस्तकलालाई डिजायनको संरक्षणबाट अलग राखेको पाइन्छ । यसो गर्नुको कारण के हो भने यस्ता देशहरूको औद्योगिक डिजायनको कानूनले निर्दिष्ट गरेको छ भने कि जुन उत्पादनमा औद्योगिक डिजायन प्रयोग गरिएको छ त्यो उत्पादनको माग वा औद्योगिक माध्यमद्वारा अनुकरण हुन सकोस् ।

राष्ट्रिय कानूनको आधारमा डिजायनको रूपमा के दर्ता हुन सक्दैन भन्ने विषयमा थप प्रतिबन्ध लगाउन सक्दछ । यस विषयमा बौद्धिक सम्पत्तिको एजेन्ट वा सम्बन्धित राष्ट्रिय बौद्धिक सम्पत्तिको कार्यालयमा गई परामर्श गर्नु उपयुक्त हुनेछ ।

## डिजायनलाई कसरी दर्ता गर्ने ?

कुनै डिजायनलाई तपाईको देशमा दर्ता गर्नको लागि साधारणतया निम्न कदमहरू चाल्नु पर्छः

- तपाईको राष्ट्रिय बौद्धिक सम्पत्तिको कार्यलय (यसको लागि परिशिष्टांक I हेर्नुस् जसमा तपाईले आफ्नो डिजायन दर्ता गर्न सक्ने बौद्धिक सम्पत्तिको कार्यालयहरूको वेभसाइटको सूची उपलब्ध छ) ले उपलब्ध गराएको आवेदन फारम तपाईको नाम, तपाईको सम्पर्क ठेगाना, चित्र र डिजायनको तस्वीर (यसको लागि प्रायः निर्दिष्ट डिजायनहरू दिइन्छ)

- केही देशहरूमा औद्योगिक डिजायनहरूको लिखित विवरण वा नवीनता बारे केही विवरण पेश गर्ने विकल्प पनि प्रदान गर्दछ। सो विवरण प्रयोग हुने उत्पादनसँग सम्बन्धित नभई डिजायनको बारेमा हुन पर्दछ। त्यस्तो विवरण पहिलेका मिल्दोजुल्दो डिजायनलाई अलग्याउने किसिमले यथार्थ र पर्याप्त हुनुपर्दछ। डिजायनको विशेष स्वरूपहरूलाई विवरणले समावेश गरेको हुनुपर्छ र कुन चाहिँ स्वरूपहरू बढी महत्वपूर्ण छन् भनी उल्लेख गरिएको हुनुपर्छ। केही देशहरूमा जाँचकीले डिजायन राम्रो सित बुझ्नको लागि वा त्यसको पदार्थ बुझ्नको लागि डिजायनको नमूनाको माग गर्न सक्दछन्।

- उपयुक्त दर्ता शुल्क बुझाउनु पर्ने हुन्छ।

- आवेदन दर्ता गर्न र दर्ता प्रक्रियालाई पूरा गर्नको लागि तपाईले कुनै बौद्धिक सम्पत्तिमा कार्यरत एजेन्टलाई नियुक्त गर्न सक्नु हुनेछ। त्यस अवस्थामा तपाईले आफ्नो अधिकार तपाईको प्रतिनिधिलाई हस्तान्तरण गरेको प्रमाण पनि पेश गर्नुपर्ने हुन्छ।

केही कार्यालयहरूले प्रशासनिक औपचारिकता पूरा भएको छ कि छैन भनेर निश्चित गर्नको लागि औपचारिक जाँच पश्चात् मात्र डिजायनलाई दर्ता गर्ने गर्दछन्। केहीले नवीनता र मौलिकताको लागि डिजायनको जाँच गर्ने गर्दछन्। धेरैजसो कार्यालयहरूले नवीनता वा मौलिकताको जाँच बेगर पनि दर्ता स्वीकृत गरेका छन्।

डिजायन एकपटक दर्ता भई सके पश्चात् त्यसलाई डिजायनको लागतमा चढाइन्छ र आधिकारिक डिजायनको गजेटमा प्रकाशित हुन्छ अनि डिजायन दर्ताको प्रमाणपत्र जारी हुन्छ। केही देश/क्षेत्रहरूमा प्रकाशन नगर्न अनुरोध गएमा त्यस्तो डिजायनलाई सम्बन्धित कानूनले निर्दिष्ट गरे अनुसार केही निश्चित अवधिको लागि गोप्य राखिन्छ। व्यापारिक रणनीतिको लागि प्रकाशन नगर्नु नै उचित हुन्छ।

विदेशमा डिजायनलाई कसरी सुरक्षित पार्ने भन्ने विस्तृत विवरण अध्याय ३ मा उपलब्ध छ।

## एउटा डिजायन दर्ता गर्न कति समय लाग्दछ ?

केही सवालहरू जस्तै डिजायनको जाँचकीबाट केही आपत्ति उठाइएको भए वा औद्योगिक डिजायन दर्ता हुनु पूर्व दाबी विरोधको व्यवस्था रहेको छ भने औद्योगिक डिजायनको दर्ता प्रक्रिया सामान्यतया: ६ महिनादेखि १२ महिना वा सो भन्दा बढी पनि लाग्न सक्दछ ।

## दर्ता पूर्व डिजायनलाई गोप्य राख्नु कतिको महत्वपूर्ण छ ?

दर्ता प्रणाली अन्तर्गत यदि तपाई आफ्नो औद्योगिक डिजायनलाई सुरक्षित गर्न चाहनु हुन्छ भने तपाईको डिजायनलाई गोप्य राख्नु अति जरूरी हुन्छ । डिजायनको सुरक्षाको केन्द्रीय आवश्यकता के हो भने त्यो डिजायन नयाँ हुनुपर्छ । यदि तपाईले आफ्नो डिजायन अरूलाई देखाउनु हुन्छ भने त्यतिबेला तपाईले लिखित सम्झौतामा त्यो डिजायन गोप्य हो भन्ने गोपनीयताको प्रावधान राख्नु उपयुक्त हुन्छ ।

यदि तपाईले आफ्नो कम्पनीको सूचिपत्र वा पुस्तिकामा डिजायनको विज्ञापन गरी सार्वजनिक गरी सक्नुभएको छ भने त्यस अवस्थामा तपाईको डिजायन नयाँ मान्न सकिदैन । त्यो सार्वजनिक सम्पत्तिको अंश भएको कारणले त्यो सुरक्षित हुन सक्दैन तर यदि कुनै प्रचलित कानूनले अनुग्रह अवधिको व्यवस्था गरेको छ वा अघिल्लो आवेदनको माग भएमा त्यो त्यसबेला संरक्षित हुन सक्दछ । (औद्योगिक डिजायनलाई विदेशमा कसरी संरक्षित गर्ने भन्ने बारे पृष्ठ १६ मा हेर्नुस्)

**उदाहरण : शिशु र केटाकेटी**

शिशुहरूको स्नान गर्ने समयमा तिनीहरूको आराम र कल्याणलाई ध्यानमा राखी एउटा शिशु र केटाकेटी नामक लघु फ्रेन्च उद्योगले बाथरूमको लागि एउटा झोलुगोंको डिजाइन गरी उत्पादन गरेका थिए । त्यसको सादापन र मौलिक डिजायनले आमा र शिशुलाई संसारभरी आकर्षित बनायो । आफ्नो नयाँ उत्पादनलाई सुरक्षित तुल्याउनको लागि शिशु र केटाकेटीले मार्च २००० मा औद्योगिक डिजायनको दर्ताको लागि अन्तर्राष्ट्रिय आवेदन पेश गऱ्यो । दर्ता प्रक्रिया पूरा भए पश्चात् शिशु र केटाकेटीले प्रत्यक्ष वा आफ्नो दर्ता भएको औद्योगिक डिजायन आधारमा अरूलाई अनुज्ञापन दिई ती विभिन्न महाद्वीपमा दशवटा भन्दा बढी देशहरूमा आफ्नो उत्पादनको बजारीकरण गर्न सक्यो । यो उत्पादनको सफलता मननयोग्य रहेको छ । त्यो झोलुगों अहिले शिशु र केटाकेटीको उत्पादनको अंग्रीम पंक्तिमा रहेको छ र औद्योगिक डिजायनको सुरक्षाबाट कानूनी एकाधिकार प्राप्त गरी विश्वभरी आफ्नो उत्पादनको बजारीकरण गरिरहेको छ ।



सौजन्य : शिशु र केटाकेटी

## अनुग्रह अवधि भनेको के हो ?

केही देशहरूमा त्यहाँको कानूनले कुनै डिजायन सार्वजनिक प्रकट वा प्रकाशन गरेको समयदेखि सामान्यतया ६ महिना वा एक वर्षको लागि अनुग्रह अवधि प्रदान गर्ने गर्दछ । आवेदन दर्ता गर्नुपूर्व यदि कुनै डिजायन अंकित सामान बिक्री हुन्छ वा कुनै व्यापार मेलामा प्रदर्शनी वा मेलामा प्रर्दशित हुन्छ वा कुनै सूचिपत्र, पुस्तिका वा विज्ञापनमा प्रकाशित हुन्छ भने त्यसलाई अनुग्रह अवधि भन्निछ । त्यस समयमा तपाईले डिजायनको नवीनतालाई हानि नपुऱ्याईकन त्यसको बजारीकरण गर्न सक्नु हुन्छ र त्यसको बाबजूद तपाईले फेरि दर्ताको लागि आवेदन दिन सक्नु हुन्छ ।

तथापि यो सबै देशहरूमा लागू हुँदैन र यो सीमित अवधिको लागि हुने हुनाले तपाईले डिजायनको सुरक्षणको लागि आवेदन नदिएसम्म देशलाई गोप्य राख्नु नै उचित र उपयुक्त हुन्छ । यसको अतिरिक्त अनुग्रह अवधिमा तपाईलाई डिजायन माथि कुनै एकाधिकार प्राप्त हुँदैन । तापनि तपाईको डिजायन सम्बन्धित राष्ट्रिय कानूनले गरेको व्यवस्था बमोजिम स्वतः सर्वाधिकार वा अस्वस्थ प्रतिस्पर्धी कानून अन्तर्गत सुरक्षित हुनेछ । सर्वाधिकार बारे थप जानकारी पाउन अध्याय ५ हेर्नुस् ।

**औद्योगिक डिजायनको सुरक्षण कति समयसम्म हुन्छ?**

पञ्जीकृत औद्योगिक डिजायनको सुरक्षणको अवधि देश अनुसार फरक हुन्छ तर सामान्यतया यो कम्पनीमा १० वर्षको (तथापि यो अवधि लामो पनि) हुन्छ । जस्तै संयुक्त राज्य अमेरिकामा डिजाइन, पेटेन्टको हकमा १४ वर्ष र युरोपियन युनियनको पञ्जीकृत सामुदायिक डिजायन अन्तर्गत २५ वर्षसम्मको लागि सुरक्षित हुन्छ । धेरैजसो देशहरूमा डिजायनको सुरक्षणको नवीकरण पाँच वर्ष पछि गर्नुपर्ने हुन्छ ।

## औद्योगिक डिजायनको संरक्षण गर्नको लागि कति खर्च लाग्दछ ?

देशैपिच्छे वास्तविक खर्च फरक हुन्छ । तथापि सुरक्षण प्रक्रियामा के कस्तो प्रकारको खर्च समावेश हुन्छ भन्ने कुरालाई ध्यानमा राख्नु जरूरी छः

(१) राष्ट्रिय वा क्षेत्रीय बौद्धिक सम्पत्तिको कार्यालयलाई दर्ता शुल्क बुझाउनु पर्ने हुन्छ । दर्ता शुल्क कतिवटा डिजायन दर्ता गर्ने हो र कतिवटा देशहरूमा त्यसको दर्ता गर्न खोजिएको त्यसमा भर पर्छ । उदाहरणको लागि युरोपियन युनियनको देशहरूमा एउटा एकल सामुदायिक डिजायनको आवेदनको लागि ३५०० युरो पर्दछ । यदि आवेदनमा १० वटा डिजायन छन् भने अधिकतम रकम १९२५ युरो हुन सक्छ । तपाईले आफ्नो बौद्धिक सम्पत्तिको एजेन्ट वा सम्बन्धित बौद्धिक सम्पत्तिको कार्यालयबाट शुल्कको यथार्थ विवरण प्राप्त गर्न सक्नु हुनेछ ।

(२) यदि तपाई आवेदन पेश गर्न विशेषज्ञको सल्लाह लिन चाहनु हुन्छ भने तपाईलाई दर्ता प्रक्रियामा सहयोग गर्नको लागि बौद्धिक सम्पत्तिको एजेन्टको सहयोग पर्ने हुनाले त्यस्तो एजेन्टको सेवा प्राप्त गर्न खर्च समाहित हुन्छ ।

(३) धेरै जसो देशहरूमा औद्योगिक डिजायन माथि आफ्नो सर्वाधिकार कायम राख्नको लागि पाँच-पाँच वर्षको अवधिमा नवीकरण शुल्क बुझाउनु पर्ने हुन्छ।

(४) यदि विदेशमा औद्योगिक डिजायन सुरक्षित गर्ने हो भने त्यस्तो डिजायनको अनुवाद गर्दा खर्च समाहित हुन सक्दछ।

### यदि तपाईको डिजायनले क्रियात्मक सुधारलाई आलंकारिक स्वरूपसित मिश्रण भएमा तपाईले के गर्नुपर्दछ ?

कुनै उत्पादनको क्रियात्मक सुधार माथि एकाधिकार पाउनको लागि तपाईले पेटेन्ट वा उपयोगिता नमूना संरक्षणको लागि आवेदन गर्नु उचित हुन्छ वा जहाँ त्यो उत्पादनसँग त्यसको कार्य सुस्पष्ट छैन र त्यसलाई व्यापारको रूपमा गोप्य राखी रहनु पर्दैन भने त्यस अवस्थामा पेटेन्ट वा उपयोगी नमूना संरक्षणको लागि आवेदन गर्न उचित हुन्छ। तथापि धेरैजसो मुद्दामा कुनै पनि नयाँ उत्पादन क्रियात्मक सुधारलाई नवीन आलंकारित स्वरूपसित मिश्रण गर्ने गर्दछ। उदाहरणको लागि मानी लिऊँ तपाईले नयाँ मोवाइल फोन डिजाइन गर्नुभएको छ। जब तपाईको मोवाइल फोन विद्युतीय अवयवमा श्रृङ्खलाबद्ध रूपमा भएको सुधारको नतिजा भएको हुँदा त्यो पेटेन्ट अन्तर्गत दर्ता हुन सक्छ र तपाईको मोवाइल फोनको मौलिक डिजायन औद्योगिक डिजायनको रूपमा दर्ता हुन सक्छ। प्रश्न उठ्छ के तपाईले दुवैमा आवेदन गर्न सक्नु हुन्छ। त्यसको उत्तर हो तपाईले सक्नु हुन्छ।




©NOKIA

### डिजायनको संरक्षण र व्यापार रणनीति

कम्पनीको औद्योगिक डिजायनलाई कसरी, कहिले र कहाँ गर्ने भन्ने निर्णयले डिजायन व्यवस्थापनको अन्य क्षेत्रमा महत्वपूर्ण असर पार्न सक्दछ। त्यसैले डिजायनको सुरक्षाको सवाललाई उद्योगको बृहत व्यापारिक रणनीतिभित्र समावेश गर्नु आवश्यक छ। उदाहरणको लागि सुरक्षणको प्रकार, खर्च सुरक्षणको प्रभावकारिता र डिजायनको स्वामित्व जस्ता सवालहरूलाई निर्णय गर्दाको अवस्थामा ध्यान दिनु महत्वपूर्ण हुन्छ।

- डिजायनको विकास आन्तरिक रूपमा गर्ने वा बाह्य एजेन्सीलाई अख्तियारी दिने।
- बजारीकरण वा प्रर्दशनीमा सार्वजनिक प्रर्दशनी गर्ने भन्ने बारे।
- कुन निर्यात बजारले लक्ष्यलाई लक्षित गर्दछ।
- आर्थिक पारितोषिक प्राप्त गर्नको निम्ति कहिले र कसरी अन्य कम्पनीलाई अनुज्ञापन दिने वा कसरी आफ्नो डिजायन अन्य कम्पनीलाई सुम्पिने।

धेरै जसो शिल्पकारीले आफ्नो उत्पादनका विविध पक्षलाई विभिन्न बौद्धिक सम्पत्तिको अधिकारद्वारा सुरक्षित गर्दछन् । पेटेन्ट, उपयोगी नमूना र औद्योगिक डिजायनबीचको आधारभूत भिन्नता के हो भन्ने कुरालाई ध्यानमा राख्नु जरूरी हुन्छ । पेटेन्ट र उपयोगी नमूनाले कुनै उत्पादनमा क्रियात्मक सुधार ल्याउँछ भने औद्योगिक डिजायनको सुरक्षा उत्पादनको आकृतिको लागि हो ।

## औद्योगिक डिजायन संरक्षणको लागि कसले आवेदन गर्न सक्दछ ?

सामान्यतया जसले डिजायनको सृजना गऱ्यो सोही व्यक्तिले वा करारमा काम भएको छ भने मालिकले दर्ताको लागि आवेदन दिन सक्दछ । आवेदक या त व्यक्ति (जस्तैः शिल्पकारी) वा कानूनी निकाय (जस्तैः कम्पनी) हुन सक्दछ । दुवै अवस्थामा आवदेन सोझै वा एजेन्टको मार्फत बुझाउन सकिन्छ । यदि तपाई विदेशी आवेदक हुनु हुन्छ भने तपाईलाई त्यस देशको बौद्धिक सम्पत्तिको कार्यालयद्वारा अख्तियारी प्रदान गरेको एजेन्टद्वारा प्रतिनिधित्व गर्नु पर्ने आवश्यकता पर्न सक्दछ ।

## औद्योगिक डिजायनको अधिकार माथि कसको स्वामित्व हुन्छ ?

कुनै विशेष परिस्थितिमा बाहेक डिजायनको सृजनाबाट अर्थात् त्यो शिल्पकार नै प्रायः जसो त्यो डिजायनको प्रथम मालिक हुन्छ । उदाहरणको लागि धेरै जसो देशहरूमा यदि कुनै कर्मचारीले करारको अधिकतम सीमामा रही उद्योगको काम गर्ने समयभित्र कुनै डिजायनको विकास गर्दछ भने त्यो डिजायन (र त्यससँग सम्बन्धित अधिकार) रोजगारदातामा रहन्छ वा एउटा औपचारिक लिखित सम्झौताद्वारा हस्तान्तरण हुन सक्दछ ।

**उदाहरणः डुरासेल**

सन् १९८० सम्म डुरासेल एउटै मात्र सामान उत्पादन गर्ने कम्पनी थियो । जसले क्षारको गुण भएको ब्याट्री उत्पादन गर्दथ्यो । सन् १९८१ मा डुरासेलले गोजीको टर्चलाईट उत्पादन गर्नको निम्ति एक जना परामर्शदाताको नियुक्ति गऱ्यो र १९८२ मा त्यो बजारमा उतारियो । दुई वर्षपछि त्यो टर्चलाईटको डिजायनले United Kingdom Design Council पुरस्कार जित्यो । बितेका वर्षहरूमा डुरासेलले विभिन्न बजारलाई लक्षित गर्दै विभिन्न डिजायन विविध प्रकारको चम्किने टर्चहरू उतारेको छ । युवा उपभोक्ताहरूको विभिन्न चलनचल्तीको रंगमा टर्चहरू उत्पादन गरिएको थियो । त्यो उत्पादनको नवीन क्रियात्मक स्वरूपहरू पेटेन्टद्वारा सुरक्षित छ भने त्यसको डिजायन ती देशहरूमा सुरक्षित छ जहाँ डुरासेलले आफ्नो व्यापार हालसम्म गरिरहेको छ ।




डुरासेल

यदि कुनै डिजायन कुनै बाहिरी शिल्पकारीद्वारा करार अन्तर्गत बनाइएको थियो भने त्यो डिजायन सम्बन्धी अधिकार अख्तियारी दिने कम्पनीमा निहित हुन्छ । यस्तो अवस्थामा जसले डिजायन बनाउन अख्तियारी दिएको थियो त्यही व्यक्तिको प्रयोजनको लागि त्यो डिजायन बनाइएको थियो भनी मानिन्छ र त्यसै कारण त्यही व्यक्तिलाई मालिक मानिन्छ । कुनै किसिमको गलतफहमी हटाउनको लागि शिल्पकारसित गरिने मौलिक करारमा अधिकारको स्वामित्व जस्ता प्रश्नहरूलाई स्पष्ट पार्नु पर्दछ । मौलिक डिजायन माथि त्यो शिल्पकारको स्वतः सर्वाधिकारको अधिकार निहित हुन सक्ने कुरालाई ध्यानमा राख्नु पर्दछ र यस्तो सवालहरूलाई पनि करारले सम्बोधन गरेको हुनुपर्दछ ।

**के तपाईले एउटै आवेदनबाट विभिन्न डिजायनको दर्ताको लागि आवेदन दिन सक्नु हुन्छ ?**

यसको जवाफ देश अनुसार फरक हुन्छ । धेरै जसो देशहरूमा तपाईले एउटै आवेदनबाट धेरै डिजायन ९१०, २०, वा ५० डिजायनहरू) हरू दर्ता गर्नको लागि आवेदन दिन सक्नुहुनेछ तर ती सबै एउटा उत्पादन वा उत्पादनको वर्गसँग सम्बन्धित हुनुपर्दछ । वर्गको स्पष्टीकरणको लागि पृष्ठ १५ हेर्नुस्) ।

**उदाहरण ट्रयाक्स** (TRAX)

ट्रयाक्स एउटा सार्वजनिक आसन ग्रहण गर्ने प्रणाली हो जुन Rodney Kinsman द्वारा डिजाइन भई OMK Design Ltd. बाट बिक्री र बजारीकरण भएको थियो । ब्रिटिश रेलले मनमोह, आरामदायी मौसम अवरोधक र थोरै मात्रामा नै मर्मत सम्भार हुन सक्ने खालको सार्वजनिक आसनको चाहना गरेको थियो र ब्रिटिश रेलको त्यो आवश्यकता परिपूर्ति गर्नको लागि ट्रयाक्सले मौलिक रूपमा सार्वजनिक आसनको डिजाइन गरेको थियो । बितेको समयमा ट्रयाक्सको व्यावहारिक बनौटले गर्दा एउटा सफल उत्पादनको रूपमा परिचित भई हाल संसारको ६० भन्दा बढी विमानस्थलमा यो जडान गरिएको छ ।

ट्रयाक्सको डिजाइन औद्योगिक डिजायन अर्न्तगत दर्ता भई संयुक्त राज्य अष्ट्रेलिया, Benelux देशहरू, जर्मनी, इटली, जापान र संयुक्त राज्य अमेरिकामा सुरक्षित छ । यसले OMK Design Ltd. लाई डिजायन संरक्षित भएका देशहरूमा ती उत्पादनको व्यापारीकरणको एकाधिकार प्राप्त भएको छ । OMK Design Ltd. ले आफूले रोयल्टी पाउने आधारमा विदेशी कम्पनीहरूलाई ट्रयाक्स सार्वजनिक आसन उत्पादन गर्न अनुज्ञापन दिएको छ ।



सौजन्य : ट्रयाक्स

www.wipo.int/sme/

भनाईको तात्पर्य के हो भने यदि तपाईले कुर्सी टेवल र ड्रेसर्स (Dressers) को समूहको सृजना गर्नुभएको छ र यसलाई तपाईले संरक्षण गराउन चाहनु हुन्छ भने धेरैजसो देशहरूमा एउटै आवेदनबाट सबैलाई समेट्ने गरी र एउटै आवेदन शुल्क बुझाउनु पर्दछ। यद्यपि तपाईले त्यो सित बत्ती (Lamp) पनि सुरक्षण गर्ने मनसाय राख्नु भएको छ भने सम्भवतः तपाईले छुट्टै आवेदन पेश गर्नु पर्ने हुन्छ। किनकी बत्ती (Lamp) वास्तवमा त्यो उत्पादनको वर्गभित्र पर्दैन। सामान्यतया प्रत्येक अतिरिक्त डिजायनको लागि शुल्क लागे पनि त्यो प्रत्येक डिजायनको लागि पेश गरिने छुट्टाछुट्टै आवेदनको खर्चको अनुपातमा धेरै कम खर्चिलो हुन्छ।

यद्यपि कुनै देशमा प्रत्येक डिजायनको लागि छुट्टाछुट्टै आवेदन पेश गर्नु पर्ने हुन्छ। धेरैजसो यी देशहरूले एकल ढाँचामा मात्र आवेदन सीमित गरे पनि तयो डिजायनको धेरै असंगतलाई अनुमति दिइन्छन। अरूले एकल डिजायनको नियमलाई अपवादको रूपमा स्वीकार गर्ने गर्दछन्। किनकी त्यो डिजायन एक वस्तुको समुह सित सम्बन्धित रहन्छ।

- असंगत : उदाहरणको लागि दुईवटा कानको रिङ्ग जुन एकापसमा फरक छन्। एउटा कानमा झुन्ड्याउने अर्को प्वाल पारेको कानमा लगाउने। कुनै पनि वस्तु रूपान्तर मानिनको लागि त्यो डिजायन एउटै वस्तुमा प्रयोग हुनुपर्दछ र एकापसमा धेरै फरक हुनु हुँदैन।

- समूहको परिभाषा यसरी गरिन्छ। साधारण चरित्र भएको वस्तुहरूको संख्या जुन साधारणतः सामूहिक रूपमा बिक्री गरिन्छ वा सामूहिक रूपमा प्रयोग गरिन्छ र जसले साधारण डिजायनका स्वरूपहरू एकापसमा बढ्छन्। उदाहरणको लागि काटाँ, चम्चा, छुरी र घरेलु सामान (जस्तैः कपाल सुकाउने यन्त्र र त्यसको ब्रस आदि) एउटा एकल आवेदनमा के सम्भव छ भन्ने कुरामा व्यापक असंगत रहेको देख्नुभयो। आवश्यकताको यथार्थ विवरण र कम खर्चमा सुरक्षण प्राप्त गर्नको लागि बौद्धिक सम्पत्तिको एजेन्ट वा सम्बन्धित बौद्धिक सम्पत्तिको कार्यालयद्वारा स्थापित हुनुपर्दछ।

### अन्तर्राष्ट्रिय वर्गीकरण प्रणाली

**सजिलैसित प्राप्त गर्नको लागि औद्योगिक डिजायनहरू सामान्यतया वर्गीकृत वा समूहमा छुट्याइएका हुन्छन्। तपाईको आवेदन फारममा तपाईले प्रयोग गर्न खोज्नुभएको डिजायन कुन वर्गको लागि हो भनेर संकेत गर्नु पर्ने हुन्छ। धेरैजसो देशहरूले लोकार्नो सम्झौताले औद्योगिक डिजायनको लागि स्थापित अन्तर्राष्ट्रिय वर्गीकरण प्रणाली (Locarno Agreemnet Establishing an International Classification for Industrial Designs) वर्गीकरणको सूची हेर्नको लागि परिशिष्टांक II हेर्नुस्। www.wipo.int/classification/en/locarno/about/ पनि हेर्नुस्।**

### के तपाईले आफ्नो औद्योगिक डिजायनको अनुमति पत्र अरूलाई दिन सक्नु हुन्छ ?

औद्योगिक डिजायनको अनुमति पत्र, डिजायनको धनीले अर्को व्यक्तिलाई पारस्परिक रूपमा मञ्जुर भएको प्रयोजनको लागि त्यस्तो डिजायन प्रयोग गर्न अनुमति प्रदान गर्न सक्छ । यस्तो अवस्थामा सामान्यतया दुवै पक्षबीच अुनमति पत्रको करारमा हस्ताक्षर गरिन्छ र त्यस्तो सम्झौता पत्रमा कार्यक्षेत्रहरू उल्लेख गरिएको हुन्छ ।

अनुमतिको करारमा पनि सीमितता हुन्छ । अनुमति प्राप्त व्यक्तिले अनुज्ञापनको प्रयोग सीमित देश, समय र उत्पादनको प्रकारमा सीमित रहन्छ । यदि तपाईले आफ्नो डिजायन विदेशी राष्ट्रहरूमा प्रयोग गराउनको लागि अनुमति पत्र दिन चाहनु हुन्छ भने तपाईले या त सम्बन्धित देशबाट औद्योगिक डिजायनको संरक्षण पहिले नै प्राप्त गरिसकेको वा कमसेकम त्यसको लागि आवेदन गरेको हुनुपर्दछ ।

अरूलाई आफ्नो औद्योगिक डिजायन अनुमति पत्रको करारद्वारा प्रयोग गर्ने अख्तियारी दिएमा तपाईको व्यवसायलाई अतिरिक्त आम्दानीको स्रोत हो र यो पञ्जीकृत डिजायन माथि कम्पनीको एकाधिकार कायम राख्ने साझा माध्यम पनि हो । औद्योगिक डिजायनको अनुमति दिने सम्झौताहरू बृहत अनुज्ञापनको सम्झौतामा प्राय: समावेश भएका हुन्छन् र यसले उत्पादनको देखिने तत्व मात्र होइन सबै पक्षहरू समेटेको हुन्छ ।

## ३. विदेशमा डिजायनको संरक्षण

### विदेशमा डिजायनलाई संरक्षण किन गर्ने?

यदि तपाईको कम्पनीले मौलिक डिजायन अंकित आफ्नो उत्पादन निर्यात गर्न चाहन्छ वा विदेशी राष्ट्रमा रहेका अन्य फर्महरूमा त्यस्तो सामानको उत्पादन बिक्री वा निर्यात गर्ने मनसायले अरूलाई अनुमति प्रदान गर्न चाहन्छ भने त्यस अवस्थामा त्यस्तो राष्ट्रमा आफ्नो डिजायन सुरक्षित राख्ने तर्फ ध्यान दिनु पर्छ । यसो गरेमा त्यस्तो कम्पनीले घरेलु बजारमा संरक्षणको जस्तो फाइदा उपभोग गरेको छ । त्यस्तै फाइदा विदेशमा पनि उपभोग गर्न सक्दछ ।

### विदेशमा औद्योगिक डिजायनको संरक्षण कसरी गर्नु हुन्छ ?

औद्योगिक डिजायनको संरक्षण प्रादेशिक हुन्छ । यथार्थ औद्योगिक डिजायनको संरक्षण सामान्यतया त्यो देश वा क्षेत्रमा सीमित हुन्छ । जहाँ तपाईले डिजायन दर्ता गर्नुभएको छ । यदि तपाईलाई आफ्नो औद्योगिक डिजायन निर्यात बजारमा संरक्षण गर्न चाहनु हुन्छ भने त्यस्तो देशहरूमा संरक्षणको लागि आवेदन गरेको हो वा होइन निश्चित हुनुपर्दछ ।

तपाईले अरू देशमा डिजायनको संरक्षणको लागि आवेदन दिदा एउटा महत्वपूर्ण कुरा के ध्यान राख्नु पर्दछ भने तपाईले संरक्षणको लागि आवेदन गरेको मितिबाट ६ महिनाभित्र आवेदन गरेको प्रथम देशमा प्राथमिकताको अधिकारको माग गर्न सक्नुहुन्छ । एक पटक यो अवधि समाप्त भएपछि तपाईले विदेशी राष्ट्रहरूमा दर्ताको संरक्षणको लागि आवेदन गर्न असमर्थ हुनु हुनेछ । किनकि त्यस अवस्थामा तपाईको डिजायनलाई नयाँ मानिदैन ।

विदेशमा औधगिक डिजायन संरक्षण गर्ने तीन माध्यम छन्ः

१. **राष्ट्रिय मार्ग** : जुन देशमा संरक्षण प्राप्त गर्न चाहेको हो कम्पनीहरूले त्यस्तो देशको बौद्धिक सम्पत्तिको कार्यालयमा अलग–अलग निवेदन दिनुपर्नेछ । यो प्रक्रियामा सामान्यतया राष्ट्रिय भाषाहरूमा अनुवाद गर्नु पर्ने आवश्यकता पर्न सक्ने र प्रशासनिक (र कहिलेकाहिँ कानूनी) शुल्कको भुक्तानी पनि समावेश रहेको हुनाले यो प्रक्रिया भन्फटिलो र खर्चिलो हुन सक्छ ।

२. **क्षेत्रीय मार्ग** : यदि तपाईले कुनै देशको समूह जो क्षेत्रीय सम्फौताहरूको सदस्य भएको कारणले एक भन्दा बढी देशहरूमा डिजायनहरूको दर्ता गर्न सक्ने भएको कारण त्यस्ता समूहप्रति इच्छुक हुनु हुन्छ भने तपाईले सम्बन्धित क्षेत्रीय बौद्धिक सम्पत्तिको कार्यालयमा एकल आवेदन पेश गर्न सक्नु हुनेछ । क्षेत्रीय बौद्धिक सम्पत्तिको कार्यालय निम्न छन् :

- The African Regional Industrial Property Office (ARIPO) for industrial design protection in English speaking African countries;
- The Benelux Designs Office (BDO) for protection in Belgium, the Netherlands and Luxembourg;
- The Office for Harmonization in the Internal Market (OHIM) for Community designs in the countries of the European Union;
- The Organization Africaine de la Propriete Intellectuelle (OAP) for protection in French speaking African countries.

क्षेत्रीय बौद्धिक सम्पत्तिको ठेगाना हेर्नको लागि परिशिष्टांक I मा दिएको वेभसाइट हेर्नुस् ।

३. **अन्तर्राष्ट्रिय मार्ग** : कम्पनीहरू जसले आफ्नो डिजायन अन्तर्राष्ट्रिय स्तरमा धैरै देशहरूमा दर्ता गर्न चाहन्छन् भने त्यस्ता कम्पनीहरूले Hague Agreement concerning the international Deposit of Industrial Design ले प्रदान गरेको प्रक्रिया प्रयोग गरे हुन्छ । हेग सम्फौताको सदस्य राष्ट्रको आवेदकले WIPO समक्ष एकल अन्तर्राष्ट्रिय आवेदन पेश गर्न सक्नेछ । तत्पश्चात् त्यो डिजायन आवेदकले इच्छाए जति सदस्य राष्ट्रहरूमा संरक्षित हुन्छ । सम्फौताले आवेदकहरूलाई विभिन्न देशहरूमा औद्योगिक डिजायनको दर्ताको आवेदनलाई सरल र सस्तो संयन्त्र प्रदान गरेको छ । हेग सम्फौताको विस्तृत जानकारी साथै सदस्य राष्ट्रको सूचि र आवेदन फाराम पाउनको लागि WIPO को वेभसाईट www.wipo.int/hague मा जानु होला ।

हेग सम्फौता अन्तर्गत औद्योगिक डिजायनको पञ्जीकरणको खर्च तपाईले संरक्षणको लागि दिनुभएको डिजायनको संख्या र कतिवटा देशहरूमा संरक्षणको माग गर्नुभएको छ त्यसमा भर पर्छ । उदाहरणको लागि हेग प्रणालीले प्रदान गरेको अन्तर्राष्ट्रिय मार्ग प्रयोग गरी ११ देशहरूमा पाँचवटा डिजायन संरक्षण गर्नको लागि अन्दाजी ५०० स्वीस फ्रैंक लाग्न सक्दछ ।

## ४. औद्योगिक डिजायनको कार्यान्वयन

### तपाईको डिजायन अनुकरण, नक्कल वा अतिक्रमण हुँदा तपाईले आफ्नो अधिकार कसरी कार्यान्वयन गर्नु हुन्छ ?

बौद्धिक सम्पत्तिको अधिकार कार्यान्वयन गर्ने विषय एउटा जटिल विषय हुन सक्ने हुनाले तपाईले कुनै सक्षम बौद्धिक सम्पत्तिमा कार्यरत कानून व्यवसायीको व्यावसायिक सहयोग लिनु उचित हुन्छ । औद्योगिक डिजायनको नक्कल वा अतिक्रमणको पहिचान र त्यस विरूद्ध कारबाही गर्ने दायित्व त्यस डिजायनको मालिकमा निहित रहन्छ । अर्को शब्दमा भन्ने हो भने बजारमा प्रयोग हुने तपाईको डिजायनको अनुगमन गर्ने दायित्व तपाईमा निहित रहन्छ र त्यस्ता अनुकरणकर्ता वा जालीहरूको पहिचान गरी कहिले र कसरी तिनीहरू विरूद्ध कारबाही गर्ने वा नगर्ने भन्ने विषयको निर्णय पनि तपाईमा नै निहित रहन्छ ।

तपाईको देशमा नक्कलीकर्ता, अतिक्रमणकारी र जालीहरू विरूद्ध के कस्तो कानूनी कारवाही गर्न सकिन्छ र विवाद कसरी समाधान गर्न सकिन्छ भन्ने बारे तपाईलाई जानकारी दिन कुनै बौद्धिक सम्पत्तिको कार्य गर्ने कानून व्यवसायी नै सक्षम व्यक्ति हुन सक्दछ ।

### अन्तर्राष्ट्रिय डिजायनको संरक्षण

सन् २००१ मा आवेदनको संख्याको आधारमा हेग प्रणाली अन्तर्गत औद्योगिक डिजायनको अन्तर्राष्ट्रिय धरौटी प्रयोग गर्ने १० वटा ठूला उपभोक्ताहरू Swatch Group, Interior, sony Overseas, Hermis, Daimaler Chrysler Nokia Villeroy+Boch AG, Moulinex, Philips Electronice र Salomon थिए । त्यो वर्ष Swatch Group ले हेग प्रणाली अन्तर्गत डिजायन दर्ताको लागि १०३ आवेदन पेश गरेका थिए । घडीको विशिष्ट रूप एउटा महत्वपूर्ण लक्षणको रूपमा मानिन्छ र त्यही रूपले उपभोक्ताहरूलाई त्यो उत्पादनप्रति प्रभाव पारेको थियो । त्यसैले Swatch Group जस्ता कम्पनीहरूले डिजायनको सृजना र धेरै देशमा दर्ताद्वारा त्यस्तो डिजायनमा एकाधिकार प्राप्त गर्नको लागि ठूलो धन राशि खर्चिने गर्दछन् ।



सौजन्य Swatch ACr.

यदि तपाईलाई कसैले अतिक्रमण गरेको विश्वास लाग्छ भने पहिलो चरणमा तपाईले अतिक्रमणकारीलाई रोक वा थमौती पत्र पठाई निजको डिजायन र तपाईको एकाधिकार बीच हुनसक्ने सम्भावित द्वन्द्वको बारेमा जानकारी गराउन सक्नु हुन्छ । यस्तो पत्रको मस्यौदा गर्न कानून व्यवसायीको सहयोग उचित हुन्छ । यदि अतिक्रमण जारी नै रही रह्यो भने त्यस्ता अतिक्रमणकारीको विरूद्ध कानूनी कारवाही गर्नु जरूरी हुन्छ । यदि तपाईलाई अतिक्रमण भएको ठाउँ थाहा छ भने तपाईले खानतलासी र जफत सम्बन्धी आदेश (सक्षम आदलत वा प्रहरीबाट) प्राप्त गरी विना पूर्व सूचना दिई त्यस्ता कम्पनी व्यक्ति उपर धावा गर्न सक्नु हुन्छ ।

अतिक्रमित सामानहरूको आयातलाई रोक्नको लागि डिजायनका मालिकहरूलाई अन्तर्राष्ट्रिय सीमामा उपायहरू उपलब्ध छन् । जुन सम्बन्धित देशको राष्ट्रिय भन्सार अधिकारीहरूबाट प्राप्त गर्न सकिन्छ ।

सामान्य नियमानुसार, यदि अतिक्रमण पहिचान भएको छ भने व्यावसायिक कानूनी सल्लाह लिनु अति नै उपयुक्त हुन्छ ।

औद्योगिक डिजायन संरक्षण गर्नको लागि अन्य कानूनी संयन्त्रहरू केही देशहरूमा केही निश्चित डिजायनहरूको लागि त्यहाँको प्रचलित कानूनले सर्वाधिकारको सुरक्षा प्रदान गर्दछ । जस्तैः कपडा र फ्रेबिकमा ।

धेरैजसो देशमा सामूहिक सुरक्षा (अर्थात सर्वाधिकार सुरक्षा र औद्योगिक डिजायन संरक्षण) प्राप्त गर्न सक्नु हुन्छ । जसको अस्तित्व एउटै डिजाइनमा साथ साथै हुन्छ भने केही देशमा भने यस्ता दुई प्रकारका संरक्षणको अस्तित्व फरक हुन्छन् ।



**दर्ता**

- औद्योगिक डिजायनको कानून अन्तर्गत औद्योगिक डिजायन प्रकाशन हुनु पूर्व वा त्यसको कतै सार्वजनिक प्रयोग हुनु पूर्व जुन देशमा सुरक्षणको माग गरेको हो त्यहाँ आवेदकले दर्ता गरेको हुनु पर्छ । औद्योगिक डिजायनको कानूनद्वारा प्रदान गरिएको दर्ताको प्रमाण पत्र अतिक्रमणका सवालहरूमा ज्यादै नै उपयोगी सावित हुन सक्छ किनकि यसैको आधारमा तपाईले आफ्नो एकाधिकार कार्यान्वयन गर्न सक्नु हुन्छ ।
- सर्वाधिकार मौलिक काममा माने तापनि त्यसमा औपचारिकता हुँदैन । सर्वाधिकारको सुरक्षणको लागि दर्ता आवश्यक नभए पनि केही देशहरूमा सर्वाधिकार धरौटी विद्यमान छ जहाँ तपाईले आफ्नो डिजायन जम्मा गरी त्यस वापत प्रमाण पत्र प्राप्त गर्न सक्नु हुन्छ ।

**अवधि**

- औधागिक डिजायनको सुरक्षणको अवधि १० देखि २५ वर्षसम्म रहन्छ र यो अवधि जुन देशमा संरक्षणको माग गर्नुभएको छ, अवधि पनि सोही देशमा भर पर्दछ । औद्योगिक डिजायनको दर्ताको प्रक्रियाले केही समय लिन सक्दछ भन्ने कुरालाई मान्नु /गर्नुपर्ने हुन्छ र यो दर्ता प्रक्रिया छोटो अवधिको लागि प्रचलनमा आउने (जस्तैः फेसनसँग सम्बन्धित उत्पादनहरू) सामानहरूको लागि पर्याप्त नहुन पनि सक्छ ।
- धेरैजसो देशमा सर्वाधिकार प्रवर्तकको जीवनकालभरि र उसको मृत्युपश्चात् ५० देखि ७० वर्षसम्म कायम रहन्छ ।

**संरक्षणको दायरा**

- औद्योगिक डिजायनको दर्ताले यस मानेमा पूर्ण स्वतन्त्रताको अधिकार प्रदान गर्दछ । यी यदि त्यहाँ जानी-जानी डिजायनको नक्कल भए या नभए तापनि त्यहाँ अतिक्रमणको अवस्था विद्यमान रहन्छ ।
- सर्वाधिकार कानूनअन्तर्गत आफ्नो अधिकार कार्यान्वयन गर्नको लागि सर्वाधिकारको धनीले सर्वाधिकारद्वारा सुरक्षित आफ्नो कामलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपबाट पुनरूत्पादन गरिएको छ भन्ने तथ्य प्रमाणित गर्नुपर्नेछ ।

**उत्पादनका प्रकारहरू**

धेरैजसो देशहरूमा सबै डिजायनहरू सर्वाधिकार अन्तर्गत संरक्षित नहुन पनि सक्दछ । तर प्रारम्भमा कलासँग सम्बन्धित कार्यहरूलाई मान्यता दिई सर्वाधिकार अन्तर्गत संरक्षण हुन सक्दछ । कुनै डिजायना जस्तै उत्पादित वस्तुको आकृतिमा विशिष्टता स्पष्ट नभएको अवस्थामा सर्वाधिकार कानून अन्तर्गत संरक्षण नहुन सक्दछ भने टेक्सटाईलमा डिजायनहरू दुवै किसिमबाट संरक्षण हुन्छ ।

**खर्च**

आफूले इच्छाएका देशहरूमा ढाँचा दर्ता गर्नको लागि तोकिएको शुल्क बुझाउनु पर्ने हुन्छ । यसको अतिरिक्त

तपाईलाई तपाईको आवेदनको मस्यौदा गर्न बौद्धिक सम्पत्तिको एजेन्टको सेवा आवश्यक र उपयोगी हुने हुनाले यसमा थप खर्च व्यहोर्नुपर्ने हुन्छ ।

धेरैजसो राष्ट्रिय सर्वाधिकार कानूनले संरक्षण प्रदान गरेको कार्यलाई औपचारिक दर्ताको आवश्यकता नभएकोले सार्वधिकार संरक्षणसँग प्रत्यक्ष खर्च सम्बन्धित हुँदैन । तथापि केही खर्चहरू निम्न कार्यको लागि लाग्न सक्दछ :

(क) सर्वाधिकार भण्डारण रहेका देशहरूमा आफ्नो कार्य जिम्मा लगाउनु परेमा र

(ख) विवादको सिलसिलामा स्वामित्वको प्रमाण पेश गर्नु परेमा ।

संक्षेपमा भन्नु पर्दा औद्योगिक डिजायनको पञ्जीकरणले बलियो संरक्षण दर्ताको प्रमाण पत्र प्रदान गर्दछ यसले दुराशय नराखी गरिएको अतिक्रमणलाई पनि समेट्दछ र यसले दर्ताको प्रमाण पत्र प्रदान गर्दछ, जुन अतिक्रमणको सवालहरूमा प्रमाणको रूपमा महत्वपूर्ण भूमिका खेल्दछ । दर्ताको आवश्यकता पर्ने हुनाले बढी परिश्रम (आर्थिक र प्रशासनिक) लाग्ने हुन्छ र यो छोटो समयावधिको लागि हुन्छ ।

खास गरिकन यदि तपाईको डिजायन दर्ता भएको छैन भने तपाईले आफ्नो डिजायनको विकास क्रममा चालेको प्रत्येक पाइलाको अभिलेख राख्न उपयुक्त हुन्छ । प्रत्येक खाकामा मिति राखी हस्ताक्षर गर्ने गरेमा र त्यसलाई सही ढंगले राखेमा अतिक्रमणको सवालमा त्यसले सहयोग गर्न सक्नेछ ।

उदाहरण : संयुक्त अधिराज्यमा फेब्रिक डिजाइनहरू बीच हालै गरिएको सर्वेक्षणमा ८०% उत्तरदाताहरूले आफ्नो मौलिक डिजायनको दस्तावेजको अभिलेख राख्ने गरेको र सर्वाधिकारका स्वामित्व प्रमाणित गर्नको लागि यो दस्तावेज महत्वपूर्ण रहेको भन्ने कुरामा निजहरू सचेत रहेको पाइयो ।

## व्यापारिक चिन्हको कानूनले डिजायनको संरक्षण कहिले गर्न सक्छ?

व्यापार चिन्ह एउटा सुस्पष्ट चिन्ह (सामान्यतया यो एउटा शब्द, लोगो वा दुवैको सम्मिश्रण) चिन्ह जसले एउटा कम्पनीको उत्पादनलाई अर्को कम्पनीको डिजाइन बीचको भिन्नता छुट्याउने गर्दछ । कहिलेकाहिँ कुनै उत्पादनको आकार डिजाइन वा त्यसमा प्याकेजिङ्गलाई त्यस उत्पादनको सुस्पष्ट आकारको रूपमा मानी त्रि-आयामिक व्यापार चिन्हको रूपमा संरक्षित हुन सक्दछ । कोकाकोलाको सिसि वा टबलरोन चक्लेटको त्रि-आयामिक आधार यसका उदाहरण हुन् ।




Toblerone® which is a trademark registered by the Kraft Foods Group © 1986

कुनै खास डिजायन त्रि-आयामिक व्यापार चिन्हको रूपमा मान्य हुन्छ कि हुँदैन भनेर निर्धारण गर्नको लागि बौद्धिक सम्पत्तिको एजेन्टसित परामर्श गर्नु उपयुक्त हुनेछ ।

व्यापार चिन्हको संरक्षणको फाइदा के हो भने यसको नवीकरण अनिश्चित रहन्छ भने व्यापारिक डिजायनको संरक्षण सीमित अवधिको लागि (सामान्यता १० वा २५ वर्ष) हुन्छ । खर्चको हिसाबले पनि व्यापार चिन्हको दर्ता व्यापारिक डिजायनको संरक्षणको तुलनामा फरक हुन सक्छ । कानूनी प्रणालीको आधारमा यी दुईको अस्तित्वसँग सँगै पनि हुन सक्दछ ।

## के अस्वस्थ प्रतिस्पर्धाको कानूनले तपाईको डिजायनलाई संरक्षण प्रदान गर्दछ ?

धेरैजसो देशहरूमा अस्वस्थ प्रतिस्पर्धाको कानून अन्तर्गत औद्योगिक डिजायन संरक्षण भएको हुन्छ । तसर्थ कुनै डिजायन अस्वस्थ प्रतिस्पर्धाको कार्य खास गरीकन कुनै डिजायनको तुच्छ नक्कल गर्ने जस्तो कार्यबाट सुरक्षित राख्दछ । तथापि अस्वस्थ प्रतिस्पर्धा अन्तर्गतको संरक्षण सामान्यतया कमजोर रहन्छ र अतिक्रमण प्रमाणित गर्न धेरै कठिन हुन्छ ।

## परिशिष्टांक I आवश्यक वेभसाइटहरू

- other intellectual property issues from a business perspective:

  *www.wipo.int/sme*

- industrial designs generally:

  *www.wipo.int/about-ip/en/*

- practical aspects relating to the registration of industrial designs, see list of  websites of national and regional intellectual property offices available in Annex I or:

  *wwww.ipo.int/directory/en/urls.jsp*

- the Hague Agreement for the International Deposit of Industrial Designs:

  *www.wipo.int/hague/en/*

- the Locarno Agreement Establishing an International Classification for Industrial Designs:

  *www.wipo.int/dassifications*

  (under Locarno Agreement)

- arbitration and mediation:

  *http://arbiter.wipo.int/*

## परिशिष्टांक II इन्टरनेट ठेगानाहरू

**National and Regional Intellectual Property Offices**

| | |
|---|---|
| African Intellectual Property Organization | *www.oapi.wipo.net* |
| Algeria | *www.inapi.org* |
| Albania | *www.alpto.gov.al* |
| Andorra | *www.ompa.ad* |
| Argentina | *www.inpi.gov.ar* |
| Armenia | *www.armpatent.org* |
| Australia | *www.ipaustralia.gov.au* |
| Austria | *www.patent.bmvit.gv.at* |
| Bahrain | *www.gulf-patent-office.org.sa/bahrainframe.htm* |
| Barbados | *www.caipo.org* |
| Belarus | *www.belgospatent.org/english/about/history.html* |
| Belgium | *www.mineco.fgov.be* |
| Belize | *www.belipo.bz* |
| Benelux | *www.boip.int* |
| Benin | *www.oapl.wipo.net* |
| Bolivia | *www.senapi.gov.bo* |
| Botswana | *www.aripo.org* |
| Brazil | *www.inpi.gov.br* |
| Bulgaria | *www.bpo.bg* |
| Burkina Faso | *www.oapi.wipo.net* |
| Burundi | *www.oapi.wipo.net* |
| Cambodia | *www.moc.gov.kh* |
| Cameroon | *www.oapi.wipo.net* |
| Canada | *www.opic.gc.ca* |
| Central African Republic | *www.oapi.wipo.net* |
| Chad | *www.oapi.wipo.net* |
| Chile | *www.dpi.cl* |
| China | *www.sipo.gov.cn* |
| China (Hong Kong -SAR) | *www.ipd.gov.hk* |
| China (Macao) | *www.economia.gov.mo* |
| China (Marks) | *www.saic.gov.cn* |
| Colombia | *www.sic.gov.co* |
| Congo | *www.oapi.wipo.net* |
| Costa Rica | *www.registronacional.go.cr* |

| | |
|---|---|
| Cote d'Ivoire | www.oapi.wipo.net |
| Croatia | www.dziv.hr |
| Cuba | www.ocpi.cu |
| Cyprus | www.mcit.gov.cy/mcit/drcor/drcor.nsf |
| Czech Republic | www.upv.cz |
| Democratic Republic of the Congo | www.oapi.wipo.net |
| Denmark | www.dkpto.dk |
| Dominican Republic | www.seic.gov.do/onapi |
| Egypt | www.egypo.gov.eg |
| El Salvador | www.cnr.gobs.sv |
| Estonia | www.epa.ee |
| Eurasian Patent Office | www.eapo.org |
| European Union (Office for Harmonization in the Internal Market - OHIM) | www.oami.eu.int |
| Finland | www.prh.fi |
| France | www.inpi.fr |
| Gabon | www.oapi.wipo.net |
| Gambia | www.aripo.org |
| Georgia | www.sakpatenti.org.ge |
| Germany | www.dpma.de |
| Ghana | www.aripo.org |
| Greece | www.obi.gr |
| Honduras | www.sic.gob.hn/pintelec/indice.htm |
| Hungary | www.mszh.hu/english/index.html |
| Iceland | www.patent.is/focal/webguard.nsf/key2/indexeng.html |
| India | www.ipindia.nic.in |
| Indonesia | www.dgip.go.id |
| Ireland | www.patentsoffice.ie |
| Israel | www.justice.gov.il |
| Italy | www.uibm.gov.it |
| Jamaica | www.jipo.gov.jm |
| Japan | www.jpo.go.jp |
| Jordan | www.mit.gov.jo |
| Kazakhstan | www.kazpatent.org/english |
| Kenya | www.aripo.org |
| Kuwait | www.gulf-patent-office.org.sa |
| Lao People's Democratic Republic | www.stea.la.wipo.net |
| Latvia | www.lrpv.lv |

| | |
|---|---|
| Lebanon | www.economy.gov.lb |
| Lesotho | www.aripo.org |
| Liechtenstein | www. european-pa tent-office, org |
| Lithuania | www.vpb.lt |
| Luxembourg | www.etat.lu/ec |
| Malawi | www.aripo.org |
| Malaysia | www.mipc.gov.my |
| Mali | www.oapi.wipo.net |
| Mexico | www.impi.gob.mx |
| Monaco | www. european-patent-office. org/patlib/country/monaco |
| Montenegro | www.yupat.sv.gov.yu |
| Morocco | www. ompic. org. ma |
| Mozambique | www.aripo.org |
| Namibia | www.aripo.org |
| Nepal | www.ip.np.wipo.net |
| Netherlands | www.octrooicentrum.nl |
| New Zealand | www.iponz.govt.nz |
| Niger | www.oapi.wipo.net |
| Norway | www.patentstyret.no |
| Oman | www.gulf-patent-office.org.sa |
| Panama | www. digerpi.gob.pa |
| Peru | www.indecopi.gob.pe |
| Philippines | www.ipophil.gov.ph |
| Poland | www.business.gov.pl/Intellectual,property,protection,90.html |
| Portugal | www.inpi.pt |
| Qatar | www.gulf-patent-office. org.sa |
| Republic of Korea | www.kipo.go.kr |
| Republic of Moldova | www.agepi.md |
| Romania | www.osim.ro |
| Russian Federation | www.rupto.ru |
| Saint Vincent and the Grenadines | 196.1161.62/govt/cipo/index.asp |
| Saudi Arabia | www.gulf-patent-office. org.sa |
| Senegal | www.oapi.wipo.net |
| Serbia | www.yupat.sv.gov.yu |
| Sierra Leone | www.aripo.org |
| Singapore | www.ipos.gov.sg |
| Slovak Republic | www. indprop.gov.sk |

| | |
|---|---|
| Slovenia | www.uil-sipo.si/Default.htm |
| Somalia | www.aripo.org |
| South Africa | www.dpro.gov.za |
| Spain | www.oepm.es |
| Sudan | www.aripo.org |
| Swaziland | www.aripo.org |
| Sweden | www.prv.se |
| Switzerland | www.ige.ch |
| Syrian Arab Republic | www.himaya.net |
| Tajikistan | www.tipat.org |
| Thailand | www.ipthailand.org |
| The Former Yugoslav Republic of Macedonia | www.ippo.gov.mk |
| Togo | www.oapi.wipo.net |
| Trinidad and Tobago | www.ipo.gov.tt/home.asp |
| Tunisia | www.inorpi.ind.tn |
| Turkey | www.turkpatent.gov.tr |
| Turkmenistan | www.eapo.org |
| Uganda | www.aripo.org |
| Ukraine | www.sdip.gov.ua |
| United Arab Emirates | www.gulf-patent-office.org.sa |
| United Kingdom | www.patent.gov.uk |
| United Republic of Tanzania | www.aripo.org |
| United States | www.uspto.gov |
| Uruguay | www.dnpi.gub.uy |
| Uzbekistan | www.patent.uz |
| Venezuela | www.sapi.gov.ve |
| Yemen | www.most.org.ye |
| Zambia | www.aripo.org |
| Zimbabwe | www.aripo.org |

**Note:**
For up-to-date information visit website at the following urls: www.wipo.int/members/en/and www. wipo. int/directory/en/urls.jsp

# परिशिष्टांक III लोकार्नो सम्झौता

## International Classification for Industrial Designs of the Locarno Agreement

**LIST OF CLASSES**

1. Foodstuffs
2. Articles of clothing and haberdashery
3. Travel goods, cases, parasols and personal belongings, not elsewhere specified
4. Brushware
5. Textile piece goods, artificial and natural sheet material
6. Furnishing
7. Household goods, not elsewhere specified
8. Tools and Hardware
9. Packages and containers for the transport or handling of goods
10. Clocks and watches and other measuring instruments, checking and signalling instruments
11. Articles of adornment
12. Means of transport or hoisting
13. Equipment for production, distribution or transformation of electricity
14. Recording, communication or information retrieval equipment
15. Machines, not elsewhere specified
16. Photographic, cinematographic and optical apparatus
17. Musical instruments
18. Printing and office machinery
19. Stationery and office equipment, artists' and teaching materials
20. Sales and advertising equipment, signs
21. Games, toys, tents and sports goods
22. Arms, pyrotechnic articles, articles for hunting, fishing and pest killing
23. Fluid distribution equipment, sanitary, heating, ventilation and air-conditioning equipment, solid fuel
24. Medical and laboratory equipment
25. Building units and construction elements
26. Lighting apparatus
27. Tobacco and smokers' supplies
28. Pharmaceutical and cosmetic products, toilet articles and apparatus
29. Devices and equipment against fire hazards, for accident prevention and for rescue
30. Articles for the care and handling of animals
31. Machines and appliances for preparing food or drink not elsewhere specified

99 Miscellaneous

**Note:**

For up-to-date information, visit website at the following url: www.wipo.int/hague/en/general/dassification/html

## परिशिष्टांक IV हग सम्झौता

Members of the Hague Agreement Concerning the International Deposit of Industrial Designs (as of August 2006)

Belgium
Belize
Benin
Bulgaria
Cote d'Ivoire
Croatia
Democratic People's Republic of Korea
Egypt
Estonia
France
Gabon
Georgia
Germany
Greece
Holy See
Hungary
Iceland
Indonesia
Italy
Kyrgyzstan
Latvia
Liechtenstein
Luxembourg
Mali
Monaco
Mongolia
Montenegro
Morocco
Namibia
Netherlands
Niger
Republic of Moldova
Romania
Senegal
Serbia
Singapore
Slovenia
Spain
Suriname
Switzerland
The former Yugoslav Republic of Macedonia
Tunisia
Turkey
Ukraine

Member States: 44

*This publication has been translated and reproduced with the permission of the World Intellectual Property Organization (WIPO), the owner of copyright, on the basis of the original English language version. The Secretariat of WIPO assumes no liability or responsibility with regard to the translation and transformation of the publication.*

**बढी सूचना तथा जानकारी चाहिएमाः**
**विश्व बौद्धिक सम्पत्ति संगठन** (World Intellectual Property Organization)

34, Chemin des Colombettes
P.O. Box 18
CH-1211 Geneva 20
Switzerland

**टेलिफोन**
+ ४१ २२ ३३८ ९१ ११
**फ्याक्स**
+ ४१ २२ ७३३ ५४ २८
**इमेलः** wipo.mail@wipo.int

**सम्पर्क ठेगाना नेपालः**
**उद्योग विभाग**
**औद्योगिक सम्पत्ति शाखा**
**त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।**
**फोन नं.** ९७७-१-४२६११०१, ४२६११६८, ४२६११६९
**फ्याक्स :** ९७७-१-४२६१११२
**इमेलः** ip.section@doind.gov.np
**वेभ साइट :** www.doind.gov.np

**न्यूयोर्क समन्वय कार्यालयको ठेगानाः**
**ठेगानाः ठेगानाः**
2, United Nations Plaza
Suite 2525
New York, N.Y. 10017
United States of America

**टेलिफोन**
+ १ २१२ ९६३ ६८१३
**फ्याक्स**
+ १ २१२ ९६३ ४८०१
**इमेलः**
wipo@un.org

**यसको SMEs शाखाबाट पनि ताजा जानकारी लिन सकिन्छ ।**
34, Chemin des Colombettes
P.O. Box 18
CH-1211Geneva 20
Switzerland

**फ्याक्स**
+ ४१ २२ ३३८ ८७ ६०
**इमेल**
sme@wipo.int
**वेभसाइट**
www.wipo.int/sme

WIPO **को वेभसाइट हेर्नुहोला**
www.wipo.int
WIPO **को विद्युतीय पुस्तक पसलबाट यससँग सम्बन्धित किताबहरू मगाउन सक्नुहुन्छ**
www.wipo.int/ebookshop

*Translation and printing of this material is financed under the WIPO Japan Fund-In-Trust.*

WIPO **को प्रकाशन नम्बर :** ४९८ NP **(नेपाली)**
**मे २००६**
*ISBN : 978-92-805-1886-3*